आज मिति २०७७/०३/२२ गते सोमवारका दिन शिवालय गाउँपालिका, सीमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

तपसिल

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान बहादुर पुन | वडाध्यक्ष वडा नं. १ |
| श्री प्रेम बहादुर बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३ |
| श्री तेज बहादुर बुढा | वडाध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६ |
| श्री विरबल खत्री | वडाध्यक्ष वडा नं. ७ |
| श्री जसविर वली | वडाध्यक्ष वडा नं. ८ |
| श्री दिपक बहादुर खड्का | वडाध्यक्ष वडा नं. ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो बादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री अनिलकुमार पाण्डे | सचिव |

[Stamp: शिवालय गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिमा, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३]

[Signature] प्रमुख प्रशासकीय अधिकृत

## प्रस्तावहरु

१. लागत अनुमान संशोधन सम्बन्धमा ।

२. तार जालि खरिद सम्बन्धमा ।

३. जोखिम भत्ता सम्बन्धमा ।

४. स्थानीय प्रकोप व्यवस्थापन कोषमा रकम व्यवस्थापन सम्बन्धमा ।

५. शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

६. रकमान्तर गर्न गाउं सभामा पेश गर्ने सम्बन्धमा ।

७. तलव भत्ता व्यवस्थापन गर्ने सम्बन्धमा ।

८. ट्याक्टरको भाडा निर्धारण गर्ने सम्बन्धमा ।

९. प्रधानमन्त्री रोजगार कार्यक्रममा खरिद भएका जाली व्यवस्थापन सम्बन्धमा ।

१०. तार जाली ढुवानी दर रेट सम्बन्धमा ।

११. योजनाको नाम संशोधन सम्बन्धमा ।

१२. बाल विकास केन्द्रको रकम व्यवस्थापन सम्बन्धमा ।

१३. विविध तथा प्रांसगिक विषयहरु ।

## निर्णयहरु

### निर्णय नं. १

यस शिवालय गाउँपालिकामा संचालित भएका मुख्यमन्त्री रोजगार कार्यक्रमबाट संचालित तपसिलमा उल्लेखित योजनाहरुको लागत अनुमान संशोधन भएकोले संशोधित लागत अनुमान अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

१) सिमा राख्म सडक स्तरोन्नती शिवालय ३

२) ठाँटी चिउदुवा सडक स्तरोन्नती शिवालय ५

३) कल्याण भिउस सडक स्तरोन्नती शिवालय ७

४) मैलुतडा लिसपानी सडक स्तरोन्नती शिवालय ८

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. २

यस गाउँपालिका भित्र संचालनमा रहेका सडकहरु, वर्षा याममा भएको क्षती न्यूनिकरण गर्न स्थानीय प्रकोप व्यवस्थापन गर्न, सार्वजनिक संरचना बाढी पहिरोले क्षति कम गरी तत्काल मर्मत गर्न पर्ने भएकोले ग्याबियन जाली कोटेशन विधिबाट खरिद गर्ने र उक्त खरिद रकम सम्पुरक कोष बाट रु ५,००,०००। (अक्षरुपी पाँच लाख ) सम्म भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

हाल विश्व व्यापी रुपमा फैलिएको कोरोना COVID 19 संक्रमण रोकथाम तथा नियन्त्रणको स्वास्थ्य सहायता कक्ष, क्वारेन्टाइन केन्द्रहरुमा खटिएका जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्य कर्मी, सुरक्षाकर्मी र स्वयम् सेवकहरुलाई तपशिलमा उल्लेखित बमोजिम हुने गरी जोखिम भत्ता दिने निर्णय गरियो ।

तपशिल

१) अग्रभागमा रहेर काम गरेका स्वास्थ्यकर्मीहरुलाई तलबको ७५ प्रतिशतका दरले १ महिनाको रकम

२) अन्य स्वास्थ्यकर्मीहरुलाई तलबको ५० प्रतिशतका दरले १ महिनाको रकम

३) सुरक्षाकर्मीहरुलाई तलबको ५० प्रतिशतका दरले १ महिनाको रकम

४) अध्यक्ष सहित कार्यपालिका सदस्यहरुलाई रु. १५,०००। का दरले उपलब्ध गराउने ।

५) अग्रभागमा रहेर काम गरेका कर्मचारीहरुलाई तलबको ७५ प्रतिशतका दरले १ महिनाको रकम । .

६) सहयोगी कर्मचारी र स्वयम् सेवक प्रतिदिन रु. ६००। का दरले खटेको दिनको मात्र ।

निर्णय नं. ४

कोरोना भाइरस COVID 19 संक्रमण रोकथाम तथा नियन्त्रणको लागि गाउँपालिकाले गरेका सम्पुर्ण खर्च तथा बाढी पहिरो र अन्य प्राकृतिक प्रकोपबाट पिडितहरुलाई राहत उद्दारका लागि पनि स्थानीय प्रकोप व्यवस्थापन कोषबाट खर्च गर्नु पर्ने भएकोले उक्त कोषमा रकम नपुग हुने भएकोले समपुरक कोषबाट रु. ४५,००,०००। (अक्षरुपी पैतालिस लाख )रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

शिवालय गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०७७ असाढ २१ गतेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ६

शिवालय गाउँपालिकाको आ.व. २०७६।२०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलमा उल्लेखित योजनाहरु तथा खर्च शिर्षकहरुमा रकम समपुरक कोषबाट रकमान्तर गर्नका लागि गाउँ सभा बैठकमा पेश गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं. | रकमान्तर गर्ने शिर्षक | विनियोजन रकम | थप गर्नु पर्ने रकम | अब कायम हुने रकम |
|---|---|---|---|---|
| १ | राजिगैरा खानेपानी योजना ३ | ३०००००/ | २०००००/ | ५०००००/ |
| २ | कोप्चेखोला खानेपानी योजना ८ | ४०००००/ | २०००००/ | ६०००००/ |
| ३ | महाडा जोगीमारे खानेपानी योजना ९ | ३०००००/ | ३०००००/ | ६०००००/ |
| ४ | गल्वेराताचौर खानेपानी योजना १ | ४०००००/ | २०००००/ | ६०००००/ |
| ५ | कुशेनी चित्रेटोल खानेपानी ६ | ५०००००/ | ६५००००/ | ११५००००/ |
| ६ | अधेरीखोला मैलतडा खा.पा. २ | ४०००००/ | २०००००/ | ६०००००/ |
| ७ | मष्टा मन्दिर निर्माण १ स्यापी | ३०००००/ | ९००००/ | ३९००००/ |
| ८ | खतेना वडडेरा खा.पा.यो. ३ | ४०००००/ | १३३०००/ | ५३३०००/ |
| ९ | चमालादेवी मन्दिर घेरावार निर्माण ३ | ३०००००/ | ६८०००/ | ३६८०००/ |
| १० | बैसाधारा खानेपानी योजना ५ | २७००००/ | १३००००/ | ४०००००/ |
| ११ | सल्लेरी बहुउद्देश्यीय सहकारी भवन निर्माण ५ | १७५००००/ | २५००००/ | २००००००/ |
| १२ | सडक मर्मत संभार कोष | ३००००००/ | ३००००००/ | ६००००००/ |
| १३ | अन्य विविध | १११३००००/ | १५०००००/ | २६१३०००/ |
| १४ | कालिका प्रा.वि. भवन मर्मत २ | २०००००/ | २०००००/ | ४०००००/ |
| १५ | रिठा तागा चिउदुवा सडक | प्राविधिक मुल्यांकनको आधारमा भुक्तानि गर्ने | | |
| १६ | शिवालय घाट व्यवस्थापन ३ | प्राविधिक मुल्यांकनको आधारमा भुक्तानि गर्ने | | |
| १७ | चौवारी ने.रा.आ.वि. सडक | प्राविधिक मुल्यांकनको आधारमा भुक्तानि गर्ने | | |
| १८ | ठाँटी चिउँदुवा सडक मर्मत | प्राविधिक मुल्यांकनको आधारमा भुक्तानि गर्ने | | |

## निर्णय नं. ७

शिवालय गाउँपालिका वडा नं. ३ मा रहेको सिमा प्रशुती गृहमा सहयोगी पदमा कार्यरत श्री भुपी रावतको २०७६ श्रावण र भाद्र महिनाको छुट तलब भत्ता प्रति प्रति महिना रु. ७,५००। दरले रु. १५,०००। स्वास्थ्य व्यवस्थापन शिर्षकबाट भुक्तानि दिने निर्णय गरियो ।

## निर्णय नं. ८

प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रमका योजनाहरुमा प्रयोग भएका ट्याक्टरहरुको भाडा प्रतिदिन रु. ८,०००। (बहाल कर सहित) का दरले समपुरक कोषबाट भुक्तानि दिने निर्णय गरियो ।

## निर्णय नं. ९

यस शिवालय गाउँपालिका अन्तर्गत आ.व. २०७६।०७७ मा रोजगार उपभोक्ता समिति मार्फत खरिद भएका निमार्ण सामाग्री (जाली) रोजगार कार्यक्रम संचालन हुँदै गर्दा आएको अविरल वर्षाका कारण सवै जाली प्रयोग नभएकोले श्रमिकलाई जालि भर्ने काममा जोखिम वढी भै अन्य काममा (ढुंगा विछ्याउने र नाली खन्ने) लगाएको हुँदा नियम अनुसार खरिद गरिएका जाली तथा निर्माण सामाग्रीहरु सम्वन्धीत वडा कार्यालयलाई हस्तान्तरण गरी सो जालीहरु वडा भित्रको विपत व्यवस्थानमा प्रयोग गर्ने निर्णय गरियो ।

## निर्णय नं. १०

यस शिवालय गाउँपालिकामा आ.व.२०७६।०७७ मा कार्यान्वयन भएका मुख्यमन्त्री र प्रधानमन्त्री रोजगार योजनाहरुको तार जाली शिवालय गाउँपालिकाको केन्द्र देखि सम्वन्धीत योजना स्थल सम्म ट्याक्टरवाट ढुवानी भएकोले सो ढुवानी वापत तपसिल वमोजिम ढुवानी खर्च(वाहाल कर सहित) समपूरक कोषवाट भुक्तानी गर्ने निर्णय गरियो ।

तपसिल:

| क.सं. | वडा नं | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | १ | ३५०० प्रति ट्रिप | |
| २ | २ | ३००० प्रति ट्रिप | |
| ३ | ३ | ३००० प्रति ट्रिप | |
| ४ | ४ | ३५०० प्रति ट्रिप | |
| ५ | ५ | ५००० प्रति ट्रिप | |
| ६ | ६ | ५५०० प्रति ट्रिप | |
| ७ | ७ | ३५०० प्रति ट्रिप | |
| ८ | ८ | ४००० प्रति ट्रिप | |
| ९ | ९ | ५००० प्रति ट्रिप | |

## निर्णय नं. ११

यस शिवालय गाउँपालिका वडा नं ९ अन्तर्गत आ.व. २०७६।०७७ मा स्वीकृत वार्षिक कार्यक्रम मा जोगीमारे खानेपानी निर्माण र जोगीमारे सिचाई निर्माण योजना रहेकोमा उक्त योजनामा विनियोजन

प्र. प्रमुख प्रशासकीय अधिकृत

बजेट सम्पन्न रूपमा माहाडा जोगीमारे खानेपानी निर्माण योजना नै कार्यान्वयन भएकोले सोही अनुसार भुक्तानी दिने निर्णय गरियो ।

## निर्णय नं. १२

शिवालय गाउँपालिका वडा नं ७ अन्तर्गत रहेको श्री हिमशिखर बाल विकास केन्द्रमा रकम अपुग भएकोले समपूरक कोषबाट रु २४०००। (अक्षरुपी चौबिस हजार मात्र) निकासा दिने निर्णय गरियो ।

## निर्णय नं. १३

शिवालय गाउँपालिका वडा नं २ मा रहेको श्री चन्द्र सुर्य आ.वि. नेपाको विद्यालय भवन अविरल वर्षाको कारण भत्केकोले उक्त विद्यालयको भवन पुन निर्माण गर्ने र प्राविधिक मुल्यांकनको आधारमा समपुरक कोषबाट रकम भुक्तानि गर्ने  र श्री हिमालय आ.वि. डुंग्राको विद्यालय भवन मर्मत कार्यको रकम प्राविधिक मुल्याङ्कनको आधारमा समपुरक कोषबाट भुक्तानि गर्ने निर्णय गरियो ।

## निर्णय नं. १४

शिवालय गाउँपालिका वडा नं १ र ९ को बीचमा रहेको मोर्कखोलाको कजवय अविरल बर्षाका कारण भत्केकोले तत्काल मर्मत गरी आवगमन सूचारु गर्नु पर्ने हुँदा मर्मतका लागि गाउँपालिकाले ग्याबियन जाली उपलब्ध गराउने र प्राविधिक मुल्याङ्कन प्राप्त भए पश्चात समपुरक कोषबाट भुक्तानि गर्ने निर्णय गरियो ।

## निर्णय नं. १५

शिवालय गाउँपालिका वडा नं. ३ ऐरेली बजारको सार्वजनिक शौचालय देखि हालको इलाका प्रहरी कार्यालय हुँदै कार्यपालिकाको कार्यालयसम्म सडक निर्माण योजनालाइ शिवालय केन्द्र व्यवस्थापन शिर्षकबाट रकम भुक्तानि गर्ने निर्णय गरियो ।

## निर्णय नं. १६

यस गाउँपालिकाको वडा नं. २ को वडा कार्यालय भवन निर्माण स्थलसम्म जाने पहुँच सडक निर्माण र खानेपानी पाइप खरिद कार्यको रकम प्राविधिक मुल्याङ्कनको आधारमा समपुरक कोषबाट भुक्तानि गर्ने र सो कार्य वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति मार्फत गर्ने निर्णय गरियो ।

## निर्णय नं. १७

यस गाउँपालिकाको ३ नं. वडा कार्यालयको शौचालय मर्मतका लागि प्राविधिक मुल्याङ्कनको आधारमा समपुरक कोषबाट भुक्तानि गर्ने निर्णय गरियो

शिवालय गाउँ कार्यपालिकाको मिति २०७७/०३/२२ मा बसेको पचासौं बैठकबाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।